संसारका मजदुरहरु - एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !
Long Live Marxism-Lennism-Maoism !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Centre)
## बागमती प्रदेश समिति

### २९ औं जनयुद्ध दिवसको शुभकामना

नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नेपालमा जनवादी गणतन्त्र स्थापना गर्ने उद्देश्यका साथ हाम्रो गौरवशाली पार्टी तत्कालीन नेकपा (माओवादी) को पहल र नेपाली जनताको प्रत्यक्ष सहभागितामा महान जनयुद्ध शुरु भएको गौरवपूर्ण ऐतिहासिक दिन आज फागुन १ गते । यस ऐतिहासिक दिनको स्मरण गर्दै २९ औं जनयुद्ध दिवसको यस गौरवमय अवसरमा आम बागमती प्रदेश वासी जनसमुदाय एवं सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । यस ऐतिहासिक सन्दर्भमा देशमा क्रान्तिकारी परिवर्तनको निम्ति महान् जनयुद्धमा सहभागी भएर प्राणको आहुति दिने महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । महान् जनयुद्धका क्रममा बेपत्ता पारिनु भएका योद्धाहरु, घाइते योद्धाहरु र उहाँहरुका परिवारजनप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छौं ।

महान जनयुद्ध र जनआन्दोलनको बलमा नेपालमा सदियौं देखिको सामन्ती राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथ्य हामी सबैको सामु प्रष्ट छ । नेपालको इतिहासमा जनयुद्धको भूमिका दूरगामी महत्वको थियो र अहिले पनि छ । नेपाली राजनैतिक र सामाजिक परिवर्तनको इतिहासमा पनि यो मुक्तियुद्धका रुपमा स्थापित भइसकेको छ ।

जनयुद्धमा लाखौं जनतालाई गरिएका प्रतिबद्धता, जनयुद्धका मुद्दा लाई वास्तविक जनताको तहसम्म जनताले अनुभुत गर्ने गरि काम गर्ने जिम्मेवारी माओवादीको काधमा आएको छ। अहिले जे-जति उपलब्धि भएका छन्, त्यसमा माओवादी जनयुद्धकै योगदान थियो भन्ने कुरामा दुईमत हुनै सक्दैन । अहिले एकाध परिवर्तन विरोधीहरु जनयुद्धलाई विद्रुपीकरण, भ्रष्टीकरण र आपराधिकरण गर्ने जुन भाष्य निर्माण गर्न खोज्दै छन्, त्यो सरासर झुट र बेइमानी हो। गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता लगायत जनयुद्धको जगमा स्थापित परिवर्तनको उपभोग गर्ने तर जनयुद्धका सहिद र बेपत्तालाई अस्वीकार गर्ने, जनयुद्धका उपलब्धि र परिघटना उल्लेख गर्न हिच्किचाउने कुरा पटक्कै तथ्यसंगत र न्यायसंगत छैनन्। देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरु जनताको बलिदानबाट प्राप्त परिवर्तनलाई उल्ट्याउन र परिवर्तनको नेतृत्व नेता र पार्टीलाई बदनाम गर्न अहिले पनि लागिरहेका छन्। २९ औं जनयुद्ध दिवसको सन्दर्भमा हाम्रो पार्टीका सम्पूर्ण नेता तथा कार्यकर्ता र शुभेच्छुक र शुभचिन्तक आम जनसमुदायलाई एकतावद्ध भएर सबै खाले प्रतिक्रियावादी पडयन्त्रलाई परास्त गर्नका लागि अगाडि बढ्न अपील गर्दछौ ।

अन्त्यमा, २९ औं जनयुद्ध दिवसको अवशरमा छरिएर रहेका माओबादी घटकहरुलाई देशको अगाडि आइपरेको समस्यालाई आत्मसात गर्दै एकताबद्ध हुन आग्रह गर्दछौं । परिवर्तनका लागि लडेका शक्तिहरु एक भए वर्तमान परिवर्तनलाई अझै सुदृढ र समृद्ध गर्न सकिने विश्वास व्यक्त गर्दै सम्पूर्ण कम्युनिष्ट क्रान्तिकारीहरु र श्रमजीवि नेपाली जनसमुदायमा जनयुद्ध दिवसलाई सांस्कृतिक पर्वको रुपमा भव्यताका साथ मनाउन अपिल गर्दै बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**१ फागुन, २०८०**

**जनार्दन शर्मा**
**इन्चार्ज**

**सरल सहयात्री**
**अध्यक्ष**